# साईपाल गाउँपालिका

# काँडा बझाङ्ग

# आर्थिक बर्ष २०८२/२०८३ को

# बार्षिक निति तथा कार्यक्रम

साईपाल गाउँपालिका

काँडा बझाङ्ग

सुदूरपश्चिम प्रदेश, नेपाल

५) सहकारी संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरी सेवाप्रवाहमा थप प्रभावकारिता ल्याउन र स्थानीय उत्पादनको प्रवर्द्धन गर्न सहकारी मार्फत कोसेली घरको स्थापना गरिएको छ।

६) सडक यातायातको पहुँच नभएको यस गाउँपालिकालाई सडक सञ्जाल सँग जोड्नका लागि जाँडलेक देखि धलौन सम्म कच्ची सडक निर्माण कार्य गरिएको छ।

७) गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको सुधारका लागि शिक्षा गुरुयोजना निर्माण कार्य सम्पन्न गरिएको छ।

८) स्थानीय वासिन्दाहरुको स्वास्थ्य सेवाको सुनिश्चितताका लागि १० शैय्या आधारभुत अस्पताल निर्माणका लागि बजेट विनियोजन गरि निर्माण कार्य लाई निरन्तरता दिईएको छ।

९) गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि आवश्यक प्रकृया अगाडी बढाई थरुनी घाटमा गाउँपालिकाको नाममा निशुल्क पास भएको जग्गा प्रशासकिय भवन निर्माण मापदण्ड २०७५ अनुसार अपुग भएकाले साईपाल गाउँपालिका वडा नं ३ सौरेखोलामा निशुल्क जग्गा प्राप्त गरी भवन निर्माण कार्य अगाढी बढाएको छ।

१०) साईपालगाउँ क्षेत्रभित्रका बाढी पहिरो तथा अन्य प्राकृतिक प्रकोपले बिग्रेका बाटोको थप क्षती हुन नदिन आवश्यक बजेटको ब्यवस्था गरि मर्मत सम्भार गरिएको छ।

११) गाउँपालिका भित्र बसोवास गर्ने आर्थिक अवस्था कमजोर रहेका विरामीहरुलाई स्वास्थ्य उपचारका लागि आर्थिक सहायता प्रदान गरिएको छ।

१२) धार्मीक सम्पदाको संरक्षण तथा सम्वर्द्धन गर्न गाउँपालिकाभित्र रहेका विभिन्न मठ मन्दिर तथा गुम्वाको निर्माण तथा मर्मत सम्भार गरिएको छ।

१३) धुली नाम्खा गुम्वा र काँडा स्वास्थ्य चौकीको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सोलार सिस्टम जडान गरिएको छ।

१४) धुँवा रहित भान्छा निर्माण गरि स्थानीयको स्वास्थ्यमा सुधार ल्याउन धुँवारहित आधुनिक चुलो खरिद गरि वितरण गरिएको छ।

१५) आधारभुत तह कक्षा ८ को परिक्षालाई प्रभावकारी र मुल्याङ्कन प्रकृयालाई विश्वसनिय बनाउन पालिका स्तरीय नियमित परिक्षासञ्चालन गरिएको छ।

१६) गाउँपालिकाभित्र रहेका स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रका लागि आवश्यक औषधी खरिद गरि निशुल्क औषधीको वितरणको ब्यवस्था गरिएको छ।

१७) विभिन्न प्रकोपवाट पिडित भई स्वास्थ्य अवस्था गम्भिर रहेका ब्यक्तीहरुलाई हेलिकप्टरमार्फत उद्धार गरि स्वास्थ्य उपचारको ब्यवस्था गरिएकोछ।

१९ आर्थिक अवस्था कम्जोर भएका वाल वालिकाहरुलाइ निशुल्क अध्ययनका लागी गाउँपालिकाले पहल गरि भोजपुर जिल्ला पठाएको छ

**अब म साईपालगाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को नीति र कार्यक्रम यस गाउँसभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

साईपाल गाउँपालिकाको समग्र विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न देहायकारणनीतिहरु अवलम्वन गरिनेछन् ।

१. साईपालको संस्कृति र सम्पदाको संरक्षण, सम्वर्धन र प्रबर्दन गर्ने।
२. सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने।
३. सांस्कृतिक पर्यटन, नव प्रबर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम संचालन गर्ने।
४. स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने।

क्षा सम्बन्धी नीति:

१. सामुदायीक विद्यालयका प्रधानाध्यापक सँग कार्यसम्पादन सम्झौता गरिनेछ।
२. अभिभावक सचेतना मार्फत शैक्षिक पहुँच अभिबृद्धिका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
३. साईपाल गाउँपालिकाभित्र रहेका समुदायीक विद्यालयमा अध्ययनरत कक्षा ८ र कक्षा १० का विद्यार्थीहरुका लागि थप सहायता कक्षा सञ्चालनको ब्यवस्था गरिनेछ।
४. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या, भौगोलिक अवस्था लगायतका विषयलाई आधार बनाई शिक्षक दरवन्दी मिलान गरिनेछ।
५. शैक्षिक गुणस्तर अभिबृद्धिमा उत्कृष्ट कार्यसम्पादनमा सहयोग पुऱ्याउने शिक्षक, विद्यार्थी तथा अभिभावकलाई पुरस्कृत गरिनेछ।
६. गरिव तथा असहाय जेहेन्दार विद्यार्थीहरुलाई सहिद वृषबहादुर सिंह बहुप्राविधिक शिक्षालयमा प्राविधिक शिक्षाको पठनपाठनका लागि निरन्तरता दिइनेछ।
७. सामुदायिक विद्यालयमा कार्यरत स्वयंसेवक शिक्षक तथा कर्मचारीहरुलाई कार्यसम्पादन मुल्याङ्कनको दायरामा ल्याईनेछ।
८. माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्न काँडा माघमिक विद्यालयलमा कृषी प्राविधिक शिक्षा पठनपाठनको लागि प्रकृया अगाडी बढाईनेछ।
९. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप विकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ।
१०. सामुदायिक विद्यालयहरुको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ। यस अन्तर्गत शौचालय निर्माण र स्तरोन्नति, निःशुल्क सेनेटरी प्याड, पिउने पानीको प्रबन्ध गरिनेछ।
११. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ।
१२. विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन बहुपक्षिय अनुगमन टोलि मार्फत विद्यालय अनुगमनको ब्यवस्था गरिनेछ।
१३. गाउँपालिका भित्र सञ्चालित सामुदायीक विद्यालयमा अध्यापन गराउने शिक्षक तथा विद्यालय कर्मचारीहरुको अभिलेखलाई ब्यवस्थित गर्न विस्तृत विवरण सहितको प्रोफाईल तयार गरिनेछ।

१४. सामुदायिक बिद्यालयमा संचालित दिवाखाजा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न कोष स्थापना तथा आवश्यक कर्मचारी व्यवस्थापन गरि गरिनेछ।

१५. आधारभुत तहको मुल्याङ्कन प्रकृयालाई विश्वसनिय र प्रभावकारी बनाउन आगामी शैक्षिक शत्र देखी कक्षा ५ र कक्षा ८ को अन्तिम परिक्षा पालिका स्तरबाट सञ्चालन गरिनेछ।

१६. गाउँपालिका भित्र रहेका सामुदायीक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

१७. सामुदायीक विद्यालयमा अध्ययनरत छात्र छात्राहरुका लागि पोशाकको व्यवस्था गरिनेछ।

वास्थ्य सम्बन्धी नीति:

१८. स्वास्थ्य विमा कार्यक्रममा समावेश नभएका परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा समावेश गराउने आवश्यक पहल गरिनेछ।

१९. साईपाल गाउँपालिकामा स्थापित नागरिक आरोग्यता केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी द्धारा नागरिक आरोग्यता प्रबर्धन गर्न उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे विद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ।

२०. सार्वजनिक स्थलमा धुम्रपानगर्न निषेध गर्ने व्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने कार्यलाई प्रभाकारी गरिनेछ।

२१. गाउँ क्षेत्रभित्र रहेका सबै प्रकारका स्वास्थ्य संस्थाहरुको अभिलेख व्यवस्थित गरिनेछ।

२२. कुपोषण मुक्त र पोषण युक्त वडालाई पुरस्कृत गरिनेछ।

२३. सुत्केरी तथा गर्ववती महिलालाई अन्डा र झण्डा कार्यक्रम लागु गरिनेछ ।

२४. आयुर्वेद उपचार पद्धतिलाई प्रबर्धनगरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ।

२५. १० शैया आधारभूत अस्पताल भवन निर्माण सम्पन्न गरि तत्काल सेवा प्रवाहका लागि आबश्यक व्यवस्था गरिनेछ।

२६. क्षयरोग मुक्त पालिमा वनाउनका लागि बिभिन्न सचेतनामुलक कार्यक्रम गरिनेछ।

२७. गाउँपालिकामा रहेका हरेक स्वास्थ्य संस्थामा छुट्टै स्तनपान कक्षको स्थापना गरिनेछ।

२८. पुर्ण खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२९. गाउँपालिकामा रहेका हरेक टोलका आमा समुहलाई सक्रियपारी पुनःजागरण तथा शसक्तिकरण गरिनेछ।

३०. पालिकाका प्रत्येक वडामा रहेका सामुदायिक महिला स्वास्थ्य स्वयम् सेबिकाहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ।

३१. स्वास्थ्य संस्थालाई डिजिटाईजेसन गर्न प्रबिधिमैत्री स्वास्थ्य संस्था बनाउदै लगिनेछ।

३२. पालिकामा रहेका नागरिकहरुको स्वास्थ्यलाई सुधार गर्न निरोगी युक्त बनाउनका लागि नागरिक आरोग्य सम्बन्धि बिभिन्न बिद्यालय तथा सार्बजनिक संस्थामा योग शिविर तथा योग शिक्षा कार्यक्रम संचालन गरिनेछ।

३३. गाउँपालिकामा रहेका नागरिकहलाई स्वस्थ बनाउदै लगिनेछ साथै मानसिक रुपमा असन्तुलन रहेका व्यक्तिहरुका लागि मानसिक स्वास्थ्य र आत्महत्या न्यूनिकरण गर्नका लागि बिभिन्न मनोपरामर्श लगायतका सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

**साईपाल गाउँपालिका, गाउँसभाका सदस्यहरु,**

साईपाल गाउँपालिकाको सातौं गाउँसभाको १७ औं अधिबेशनमा हार्दिक स्वागत गर्दछु ।

साईपाल गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

यस साईपाल गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संबिधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं। साईपालको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्वर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ। जडिबुटी,पर्यटन पशुपालनर धार्मिक तथा साँस्कृतिक सम्पदायस गाउँपालिकाका सम्भावनाकाक्षेत्र हुन। सडक यातायात, भौतिक पुर्वाधार निर्माण तथा सञ्चारको ब्यवस्थापन गर्नु यस पालिकाका लागि मुख्य चुनौतिको विषय रहेको छ। साईपालमा पाउने जडिबुटिको संरक्षण तथा जडिबुटी पाउने क्षेत्रमा फोहर ब्यबस्थापन लामो समयदेखि समस्याको रुपमा रहँदै आएको सन्दर्भमा यसको दीगो र बैज्ञानिक ब्यवस्थापन हाम्रो प्रस्थानबिन्दु बनेको छ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी साईपाललाई बस्नयोग्य गाउँ बनाउने हाम्रो ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वियन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, , खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम साईपालवासी तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

## आर्थिक बर्ष २०८१/०८२ को नीतिको समीक्षाः

१) साईपाल गाउँपालिकामा रहेका आर्थिक रुपमा विपन्न एकल पुरुषहरुलाई आर्थिक सहायता स्वरुप मासिक २ हजार सुरक्षा भत्ता प्रदान गर्ने गरिएको छ।

२) गाउँपालिका बासीहरुलाई सञ्चार सेवाको सुनिश्चितताका लागि नाङ्गना डाडामा रहेको नेपाल टेलिकमको टावरमा फोर जि सेवा जडान गरि सञ्चालनमा ल्याएको छ।

३) लैंगिक समानतालाई प्रवर्द्धन गर्न छोरी जन्माउने आमाहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार बितरण गरिएको छ।

४) गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयहरुमा कक्षा १ देखी ८ सम्म स्थानीय विषयको पाठ्यक्रम तयार गरि पठनपाठन कार्य शुरु भएको छ।

पूर्वाधार बिकास सम्बन्धी नीति:

३४. आगामी आर्थिक वर्षभित्रमा गाउँक्षेत्रभित्र रहेका बाटा घाटा, ढल, खानेपानी पाइपलाइन, बिजुली बत्ति, लगायतका सबै भौतिक पूर्वाधारहरुको निर्माण तथा मर्मत गरिनेछ ।

३५. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्रथामिकता दिइनेछ। भने यस बर्ष १ नं वडा कार्यालयको भवन निर्माणधिन भवन लाइ निरन्तरता दिइनेछ ।

३६. नेपाल सरकार तथा बिभिन्न संस्थाहरुको सहकार्यमा साईपालगाउँपालिका क्षेत्रभित्रका बिद्युत, इन्टरनेट लगायतका कार्यलाई निरन्तरता दिइनेछ।

३७. गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक बिद्यालय, सार्वजनिक संस्था तथा सार्वजनिक शौचालयहरुलाई स्तरोन्नति गरी अपाङ्गता, लैङ्गिक तथा बालमैत्रीबनाइनेछ। निजी क्षेत्रसंगको सहकार्यमा सार्वजनिक शौचालयहरु संचालन तथा ब्यबस्थापन गरी शौचालयको सुविधामा नागरिकको सहज पहुँच वृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३८. गाउँ क्षेत्रभित्र रहेका पुराना ताल तलैया पुनर्स्थापन, संरक्षण तथा सम्वर्धन गरिनेछ।

३९. साईपाल गाउँपालिकाको सिमा निर्धारणको लागि आवश्यक पहल गरिनेछ ।

४०. गाउँपालिकाभित्र निर्माण तथा सञ्चालन हुने भौतिक पुर्वाधार लगायतका कार्यका लागि वातावरणिय प्रभाव मुल्याङ्कन र विस्तृत परियोजना प्रतिवेदन तयार गरि सञ्चालनमा ल्याईनेछ।

४१. यस बर्ष धलौन तथा काँडामा सोलार मिनिग्रेड निर्माण गरिनेछ।

४२. धलौन देखी काँडा सम्म सडक निर्माण कार्यलाई निरन्तरता दिईनेछ भने जाडलेक देखी कुवा सम्म सडक निर्माणका लागी आवश्यक पहल गरिनेछ।

४३. गाउँपालिकाको भौतिक पुर्वाधार विकास तथा अन्तराष्ट्रिय सम्बन्ध सुदृढ तथा विस्तारका लागि संघ तथा प्रदेश सरकारको समन्वयमा छिमेकी राष्ट्र चिन तथा दक्षिण कोरियासँग भगिनी सम्वन्ध स्थापनाका लागि पहल गरिनेछ।

संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी नीति:

४४. साईपाल गाउँपालिका भित्र रहेका धार्मिक,सास्कृतिक तथा पर्यटकिय क्षेत्रको पहिचान संरक्षण तथा प्रचार प्रसारका लागि आवश्यक पहल गरिनेछ ।

४५. होम स्टे संचालनका लागि आवश्यक पहल गरिनेछ।

४६. पर्यटकिय गुरुयोजना निर्माणमा जोड दिईनेछ ।

४७. साईपाल हिमालको प्रचार प्रशार गरि पर्यटन भित्र्याउन विशेष पहल गरिनेछ।

४८. साईपालको स्थानीय भाषाको संरक्षणका लागि धुलेली भाषाको लिपिलाई संरक्षण र सम्बर्धन गरिनेछ।

४९. साईपालमा संचालन हुने विभिन्न जात्रा, पर्वहरुलाई राष्ट्रियस्तरमा परिचित गराई पर्यटन प्रबर्धन गरिनेछ।

५०. साईपालगाउँ क्षेत्रका मूर्त, अमूर्त सम्पदाको अध्ययन, अनुसन्धान गरिनेछ।

५१. साईपाल गाउँपालिकामा आउने पैदल यात्री तथा पर्यटकहरुका लागि जानकारी लिन पर्यटन सम्बन्धि सुचना बोर्डहरु राख्ने ब्यवस्था मिलाईनेछ।

५२. साईपाल गाउँपालिकाको पर्यटकिय क्षेत्रको अध्ययन अबलोकन तथा जानकारी पाउनका लागि (Tourism Map)पर्यटकिय नक्साङ्कन गरि पर्यटन प्रवद्धन गरिनेछ।

५३. पर्यटन प्रवर्द्धन तथा विकासको लागि हेली मार्गको विस्तारका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

५४. पर्यटकिय स्थलहरु साइपाल कालगंगा साइपाल हिमाल राक्सया हिमाल उरै लेक फराल खेत झरना पर्यटकिय आर्कशणका लागी प्रचार प्रसार गरिनेछ

५५. पर्यटकिय रुटलाइ बझाङ्गको साइपाल बाट सबै भन्दा छोटो दुरीको पहिचान गरि प्रचार प्रसार गरिनछ ।

५६. परामर्शदाता मार्फत साइपाल हिमालको वेशक्याप सम्मको यात्राको रुट लाइ काठमाडौं स्थित व्यवसाय संचालन तथा पर्यटकिय संस्थमहरु विच छलफल तथा समन्वय गरि प्रचार प्रसारका क्रियाकलापहरु गरिनेछ ।

फोहर ब्यबस्थापन तथा प्रदुषण नियन्त्रण सम्बन्धी नीति:

५७. गाउँभित्रको जल,जमिन, बायु र ध्वनी प्रदुषण नियन्त्रण गरी स्वच्छ बातावरण प्रवर्धन गर्न आवश्यक कार्यक्रम बनाई संचालन गरिनेछ।

५८. सार्बजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५९. गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत राखिनेछ।

६०. पालिकाभित्र रहेका धुवारहित चुलो प्राप्त नगरेका घरधुरीहरुलाई धुवारहित चुलो खरिद गरि वितरण गरिनेछ।

संस्थागत बिकास तथा सुशासन सम्बन्धी नीति:

६१. साईपालगाउँपालिकाको संगठन संरचना, स्वीकृत दरवन्दी र पदाधिकारी तथा प्रशासनिक एकाइहरुको कार्य विवरणप्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

६२. कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन एवं प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ।गाउँपालिकाका प्रत्येक कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रवन्ध गरी कार्यान्वयन गरिनेछ ।

६३. गाउँपालिकाको केन्द्र तथा वडा तहमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाव तथा गुनासोको व्यवस्थापन गरिनेछ।

६४. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self-Assessment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६५. आर्थिक वर्ष २०८२/८३ को स्वीकृतनीति, बजेट तथा कार्यक्रम अनुरूप वार्षिक कार्योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

६६. गाउँपालिकामा कार्यरत कर्मचारीहरुमध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीलाईसम्मान र पुरस्कारको व्यवस्था गरिनेछ।

६७. गाउँपालिकाबाट प्रवाह हुने सेवामा सेवाग्राहीको सहज पहुँच वृद्धिका लागि कार्यालयहरुमा इच्छुक सेवाग्राहीलाई सामान्य कानुनी परामर्श सेवा, निबेदनको मस्यौदा, फोटोकपी सेवाहरु नि:शुल्क दिने ब्यबस्था मिलाइनेछ ।

६८. गाउँक्षेत्रभित्र छरिएर रहेका अब्यवस्थित बस्तीलाई नेपाल सरकारको समन्वयमा ब्यबस्थापन गर्न आवश्यक पहल गरिनेछ।

९१. भेडा बाखा पालन सम्बन्धी व्यवसायको लागी उन्नत जातको बोका तथा थुमाको व्यवस्था गरिनेछ ।

९२. पशु रोग महामारी सम्बन्धी खोप व्यवस्थापन गरिनेछ ।

**पोषण सम्बन्धी नितिः**

९३. पोषण अवस्थामा सुधार ल्याउनका लागी बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा ल्याइने छ ।साथै गाउँपलिकामा सुनौलो हजार दिनका महिला बालबालिका र किशशोरीमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण योजनालाइ प्राथमिकताका साथ लागु गरिने छ ।

९४. पुर्ण सरसफाइ टोल घोषणलाई विस्तार गर्दै पुर्ण सरसफाइ युक्त वडा घोषणका लागी आवश्यक पहल गरिने छ ।

९५.

**सामाजिक विकाससँग सम्बन्धी नीति :**

९६. सामाजिक सुरक्षा भत्तालाई ब्यबस्थित गर्नका लागि यस गत आ व बाट बैङ्किङ मार्फत सामाजिक सुरक्षा भत्ता बितरण हुदै आएको र यसलाई थप प्रभावकारी र पारदर्शिताका लागि यस आ व बाट बायोमेट्रिक भेरिफिकेसनको माध्यमबाट सामाजिक सुरक्षा भत्ता नबिकरण गर्ने ब्यवस्था गरिनेछ।

९७. पालिकामा रहेका नागरिकहरुको ब्यक्तिगत घटना दर्तालाई थप प्रभावकारी बनाउनका लागि विभिन्न साता ब्यापी सचेतनामुलक कार्यक्रम र अभियानहरु संचालन गरिनेछ।

९८. साईपाल गाउँपालिकाले राज्यको निति नियमलाई पुर्ण रुपमा अवलम्बन गर्दै यस बर्षबाट पालिकामा रहेका सबै नागरिकहरुलाई अनिवार्य राष्ट्रिय परिचय पत्र दर्ता तथा बितरणका उचित ब्यवस्था गरिनेछ।

९९. गाउँवासीहरुलाई सीपमूलक तालिम दिई आय आर्जन सम्बन्धी क्रियाकलापमा सहभागी गराइनेछ। महिलाले संचालन गर्ने व्यवसायका लागि सहकारी गठन,बीउपूँजी र ब्यबस्थापन तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

१००. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, वित्तीय तथा कानुनी सारक्षता र शसक्तिकरणका कार्यक्रमहरु वडातहबाट समेत संचालन गरिनेछ।

१०१. बावुआमा विहिन बालबालिकाको संरक्षणका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ। साथै ज्येष्ठ नागरिकहरुलाई तिर्थ यात्राका लागि आवश्यक ब्यवस्था गरिनेछ।

१०२. बिपन्न, दलित, आदिबासी र अपाङ्गता भएका गाउँबासीहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ।

१०३. ४० वर्ष देखी ७० वर्ष उमेर समुहका एकल पुरुषहरुलाई प्रदान गर्दै आएको सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ।

१०४. ६८ बर्ष नाघेका ज्येष्ठ नागरिकहरुको घरमा गई स्वास्थ्य परीक्षण गर्ने ब्यबस्था मिलाइनेछ। ६८ वर्ष नाघेका ज्येष्ठ नागरिहरुलाई साईपाल गाउँपालिकाका वडा कार्यालयहरुसँग समन्वय गरी नेपाल सरकारले तोकेका औषधीहरु निःशुल्क उपल्ब्ध गराउन आवश्यक समन्वय गरिनेछ।

१०५. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभब पुस्तान्तरण र हस्तान्तरण गर्न वडाको समन्वयमा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ। वडामा रहेका ज्येष्ठ नागरिक मिलन केन्द्रहरुसँग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।ज्येष्ठ नागरिकहरुलाई मानसिक एबम् शारीरिक रुपमा सक्रिय बनाउन बिभिन्न कार्यक्रम संचालन गरिनेछ।

१०६. स्थानीय तहका महिला जनप्रतिनिधिले उल्लेख्य तथा उदाहरणीय भूमिका निर्वाह गरेवापत एकजना महिला जनप्रतिनिधिलाई **सम्मान** प्रदान गरिनेछ ।

१०७. स्थानीय समुदायबाट उत्पादन गरिएका सामाग्रीहरु कोसेलीघर मार्फत खरीद बिक्रीको व्यवस्था मिलाइनेछ।

१०८. गाउँ क्षेत्रभित्रका सार्वजनिक तथा सामुदायिक जग्गामा भवन निर्माण गरी वा अन्य तरिकाबाट आय आर्जन गर्ने व्यक्ति,कम्पनी,संघसंस्था वा निकायको आम्दानी गाउँपालिकाको स्थानीय कोषमा जम्मा हुने ब्यबस्था मिलाइनेछ । सामाजिक संघसंस्थाको गतिविधि संचालन गर्न आबश्यकता अनुसार अनुदान उपलब्ध गराइनेछ।

**खेलकुद सम्बन्धी नीति :**

१०९. गाउँपालिका स्तरिय खेलमैदान निर्माणका लागि आवश्यक पहल गरिनेछ।

११०. विभिन्न स्थानीय मेला पर्वको अवसरमा आयोजना गरिने खेलकुद प्रतियोगिता लाई निरन्तरता दिईनेछ।

**श्रम रोजगार तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी नीति :**

१११. सीप सिक्न इच्छुक गाउँबासीहरुलाई सिप प्रशिक्षण लगायतका कार्यक्रमहरु संचालन गरि सिप सिकाउनका लागि आवश्यक ब्यवस्था गरिनेछ।

११२. गाउँपालिका क्षेत्रमा स्थापना भै संचालनमा रहेका स्थानीय सीप, कला, स्थानीयलाई रोजगारी दिने र वातावरण प्रतिकुल असर नगर्ने प्रकृतीका उद्योगलाइ ब्यवसाय करमा छुट दिने नीति लिइनेछ।

११३. गाउँपालिका क्षेत्रमा रहेका उद्योग तथा नयाँ उद्यमीलाई प्रविधिमा सहयोग, छुट, मिनाहा तथा आवश्यक सहुलियत उपलब्ध गराउनुका साथै आन्तरिक राजश्वक कार्यालयमा दर्ताका लागि पहल गरिनेछ।

११४. साईपाल गाउँपालिका रोजगार सेवा केन्द्र मार्फत सुचिकृत ब्यरोजगारहरुलाई कम्तिमा १०० दिनको रोजगारीको ब्यवस्थालाई निरन्तरता दिदै यस आ व बाट सुचिकृत बेरोजगार ब्यक्तिहरुको वैङ्किङ्ग पर्णाली मार्फत भुक्तानीको ब्यवस्था मिलाईनेछ।

११५. साईपाल गाउँपालिकामा भईरहेका बिकास निर्माण कार्यमा उपभोक्ता समिति मार्फत गरिने भुक्तानी र गाउँपालिकामा कार्यरत सबै कर्मचारीहरुको खाता एभरेष्ट बैङ्कमार्फत कारोबार गरिनेछ।

११६. घरेलु तथा लगु उद्यम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्थापन गरिनेछ ।

**सहकारी सम्बन्धी नीति :**

११७. सहकारी संस्थाको दर्ता, नविकरण कार्यलाई ब्यवस्थित गरिनेछ।

११८. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम ब्यबस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ।

**वेपद ब्यवस्थापन सम्बन्धी नीति :**

११९. विपद ब्यवस्थापन कोष सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ। साथै यस कार्यालाई ब्यवस्थापन गर्न आवश्यक कर्मचारीको ब्यवस्था गरिनेछ।

१२०. विपद ब्यवस्थापनका लागि जनस्तर तथा बिद्यालयस्तरमा विपद सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिइनेछ।

१२१. साईपाल गाउँपालिकाको विपद जोखिम नक्सांकन (Hazard Mapping) गरिनेछ।

**राजस्व तथा वित्त ब्यबस्था सम्बन्धी नीति :**

६९. गाउँपालिकाले संबिधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

७०. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ।

७१. कर तथा गैरकर राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ।

७२. गाउँपालिकामा निर्धारण गरिएको कर संकलन कार्यलाई ब्यबस्थित बनाउनका लागि एक द्वार कर प्रणालीको ब्यवस्था गरिनेछ।

७३. राजस्व सुधार योजन तयार गरिनेछ ।

**कृषि सम्बन्धी नीति :**

७४. स्थानीय समुदायलाई करेसाबारी, तथा ब्यवसायीक फलफुलखेतीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

७५. किसान सूचिकरण कार्यक्रम संचालन गरी किसान परीचय पत्र बितरण गरिने छ ।

७६. कृषि तथ्याङ्क डिजिटल माध्याम वाट संकलन गरी अध्यावधिक गरिने छ ।

७७. साईपालको छिमेकी स्थानीय तहहरुसँग समन्वय गरी अर्गानिक कृषि खेतीको लागि आवश्यक प्रवन्ध मिलाइनेछ।

७८. स्थानीय स्तरमा उत्पादन हुने आलु, स्याउ तथा गुँरास र सिमिको वजारीकरणका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

७९. बिषादीको प्रयोगले मानव स्वास्थ्यमा पर्ने असर वारे सचेतना कार्यक्रम संचालन गरीने छ ।

८०. गुणस्तर खाद्य वस्तु प्रयोगका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

८१. भाङ्गो, ओखर, ढटेलो, ताराचुक, सिस्नोको पाउडर, कोदोको पिठो उत्पादन तथा बजारीकरण गर्ने निति लिईएको छ ।साथै स्थानीय कच्चा पदार्थबाट तेल उत्पादनका लागि प्रत्येक वडामा १/१ वटा मसिनको ब्यवस्था गरिनेछ।

८२. साईपाल गाउँपालिकामा उत्पादन हुने घरेलु तथा भिर माहुरीको महलाई संलन गरि निर्यातको ब्यवस्था गरिनेछ।

८३. सार्वजनिक निकायमा संचालन हुने बैठक सभा गोष्ठी जस्ता कार्यहरुमा स्थानीय स्तरमा उत्पादन अन्न बालीको अनिवार्य रुपमा खाजाको प्रयोग गरिनेछ।

८४. दलहन वाली क्षेत्र विस्तार गरी दलहन वाली निर्यात गिरने छ ।

**पशु स्वास्थ्य सम्बन्धी नीति :**

८५. पशुपालनलाई ब्यबस्थित गर्न पशुजन्य ब्यवसायको अभिलेखीकरण र पशुपन्छी दर्ता गर्ने कार्यको शुरुवात गरिनेछ।

८६. घरपालुवा, रोगी, घाइते पशुपन्छीहरुलाई उपचार गर्ने तथा बन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८७. गरिव, दलित तथा न्यूनस्तरका बर्गलाई बाख्रापालनबाट आत्मनिर्भरता बनाउने निति लिईएको छ ।

८८. याक तथा चौरी प्रवर्धन कार्यक्रम सचालन कार्यक्रम संचालन गरिनेछ ।

८९. भेडा पालन ब्यवसाय लाइ प्रवर्धन गरिने छ ।

९०. आन्तरिक तथा वाह्य प्रजिवि सम्बन्धी सचेतना कार्यक्रम लागु गरिन्छ ।

सूचना प्रविधि सम्बन्धी नीति

१२२. साईपालगाउँपालिकाबाट प्रबाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विधुतीय सुशासन प्रबर्धन गरिनेछ ।

१२३. सूचना तथा प्रविधिमा पहुँच पुर्यउन राष्ट्र सेवक कर्मचारि र जनप्रतिनितहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

१२४. गाउँपालिका भित्र सम्बद्ध सूचना तथा तथ्यांकलाई व्यवस्थित रुपमा संकलन गरी सार्वजनिक सेवा प्रवाहको लागी कम्प्युटर सूचना प्रणलीमा आवद्ध गराउन सूचना प्रविधि शाखाको स्थापान गरिनेछ ।

१२५. यस गाउँपालिकामा रहेका सबै सार्बजनिक संस्थालाई आधुनिक प्रबिधियुक्त बनाउनका लागि क्रमश कम्प्यूटर प्रणालीमा आबद्ध गर्दै लगिनेछ।

१२६. गाउँपालिका भित्र रहेका स्रोत साधन सेवा केन्द्र लगायत सम्पुर्ण नागरिकहरुको पेश व्यवसाय सामाजिक आर्थिक अवस्था रोजगारिको अवस्था सहिताका विवरणहरु समावेश गरि विधुतिय स्थानिय पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ ।

१२७. नागरिकहरुको सूचनाको हकको सम्मन गर्दै साइपाल गाउँपालिकालाइ सूचना मैत्री बनाईनेछ ।

१२८. कार्यालयको गतिविधिहरुलाइ निरन्तर सूचना प्रवाह गर्न सामाजिक सञ्जालहरु फेसबुक युट्युबमा आधिकारिक एकाउण्टबाट अझ प्रभावकारी रुपमा प्रयोग गरिनेछ ।

बन तथा बातावरणः

१२९. हरियो बन नेपालको धन भन्ने नारालाई पछ्याउदै उग्र रुपमा रहेको बनजंगल फडानी रोक लगाउने निति लिईनेछ । साथै बन हेरालाको ब्यवस्था गरिनेछ।

१३०. प्रत्येक वडाका पहिरो जाने क्षेत्रमा बृक्षारोपण गर्ने निति लिईनेछ ।

१३१. सामुदायिक वनको नक्साङ्कन तथा बन संरक्षण तथा सामुदायिक बन नबिकरण तथा क्षेत्र बिस्तार गर्ने निति लिईनेछ।

१३२. पर्याविरण,जडिबुटी,बन संरक्षण तथा जडिबुटी खेती प्रवद्धनमा जोड दिईनेछ।

१३३. जलवायू परिवर्तनको प्रभाव न्यूनिकरण गर्न पहल गरिनेछ ।

१३४. बनजंगल संरक्षणका लागि पहल गरिनेछ।

१३५. जलाधार संरक्षण सम्बन्धि अध्ययन अन्वेशषण गरिनेछ ।

१३६. घाटगंगामा लघुजलविद्युत निर्माणका लागि माइलस्टोन ईनर्जी प्रा ली संग विद्युत उत्पादनको सर्वैक्षणका लागि समन्वय गरिनेछ।

१३७. पालिकाका बन क्षेत्रमा रहेका भिरमौरी लाई संरक्षण तथा प्रबद्धन गरी बजारीकरणको समेत ब्यवस्था मिलाईनेछ।

१३८. साबुन उद्योगको तालिम सञ्चालन गरिनेछ ।

लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण नितिः

१३९. गाउँपालिका रहेका नागरिकहरुमा समानता कायम गरी सामाजिक समाबेशिकरण गर्ने उदेश्यले लक्षित बर्गलाई लैङ्गिक समानाता तथा सामाजिक समाबेशिकरण सम्बन्धि बिभिन्न सचेतनामुलक क्रियाकलाहरु संचालन गरिनेछ।

१४०. यस गाउँपालिकामा हरेक बर्ष जेसी अडिट गरिनेछ साथै यस पालिकामा रहेका हरेक सार्वजनिक संस्थाहरुमा लै स सा स अडिटको ब्यवस्था क्रमश गर्दै लैजाने ब्यवस्था गरिनेछ।

**अन्त्यमा,**

साईपाल गाउँपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट साईपाललाई समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक पालिका बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, गाउँपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद

मानविर बोहरा
गाउँपालिका अध्यक्ष
२०८२ असार ०९ गते सोमबार